म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १११ सोमबार १७ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 2 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीबाट ५६ किलोग्राम गाँजासहित २ जना पक्राउ

हेटौंडा, १६ मंसिर/अवैध लागूऔषधसहित आइतबार दुई जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले पक्राउ गरेको छ । मनहरी गाउँपालिका-९ ज्यामिरेबाट करिब ५६ किलोग्राम गाँजासहित दुई जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले मनहरी गाउँपालिका-८ सिमपानी बस्ने २७ वर्षीय अनिलकुमार थिङ र सोही गाउँपालिका-९ बस्ने ३२ वर्षीय राजेन्द्र मुक्तानलाई पक्राउ गरेको हो । उनीहरुलाई इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । सिमपानीबाट वीरगन्जतर्फ जाँदै गरेको ना ६ ख २३४४ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा चालक सिटभन्दा माथि क्यबिनमा प्लास्टिक बेरेर लुकाइछिपाइ राखिएको गाँजा फेला पारी ट्रकचालक अनिल र ट्रकमा सवार राजेन्द्रलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानुनी प्रक्रिया अगाडि बढाएको छ ।

# हेटौंडा-१२ को वडा अध्यक्षमा कांग्रेसका तिवारी विजयी

साझाकुरा संवाददाता



हेटौंडा, १६ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को वडा अध्यक्षमा नेपाली कांग्रेसका अर्जुन तिवारीले जीत हात पारेका छन् ।

आज सोमबार बिहान सवा ३ बजे सम्पन्न मतगणनाको अन्तिम मत परिणामअनुसार तिवारीले २०६३ मत प्राप्त गर्दै विजय हासिल गरेका हुन् । तेस्रो पटक वडा अध्यक्ष पदमा निर्वाचन लडेका तिवारीले नेकपा माओवादी केन्द्रका रवि प्रधानलाई ५०३ मतान्तरले पराजित गरे । रविले १५६० मत प्राप्त गरे । चुनावी प्रतिस्पर्धामा तेस्रो भएका नेकपा एमालेका राजेश नगरकोटीले १३९८ मात्रै मत ल्याएका छन् ।

तिवारी २०७४ र २०७९ को स्थानीय तह निर्वाचनमा पनि १२ नम्बर वडाको वडा अध्यक्ष पदका उम्मेद्वार थिए । उनी दुवै पटक दोस्रो भएका थिए । दुवै पटक नेकपा माओवादी केन्द्रका ललित घलानले वडा अध्यक्षमा जित हासिल गरेका थिए ।

गत ३० वैशाख ०७९ को निर्वाचनमा वडाध्यक्ष जितेर पनि जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख हुन गएपछि रिक्त पदमा उपनिर्वाचन भएको हो । एमालेका नगरकोटी गत निर्वाचनमा पनि प्रतिस्पर्धी थिए । गत निर्वाचनमा नगरकोटी तेस्रो भएका थिए ।

गत निर्वाचनमा घलानले एक हजार ३७१ मत ल्याएर विजयी भएका थिए । तिवारीले एक हजार ३४० मत ल्याउँदा एमालेका नगर कोटीले एक हजार ३२५ मत पाएका थिए । उपनिर्वाचनबाट माओवादी केन्द्रलाई गुमेको वडा फर्काउने चुनौती थियो भने एमाले र कांग्रेसलाई पनि यो वडा प्रतिष्ठाको विषय बनेको थियो ।

यसैगरी, १२ नम्बर वडाको उपनिर्वाचनमा प्रतिस्पर्धा गरेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रेमबहादुर भ्लोनले १७८ मत, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आशावीर बलले ८३ मत ल्याएका छन् । नेकपा (एकीकृत समाजवादीका)का बलराम बलले ७३ मत पाए ।

आइतबार बिहान ७ बजेदेखि ५ बजेसम्म भएको मतदानमा ६८ दसमलव ८ प्रतिशत मत खसेको छ । ४४२८ मतदाता रहेका सिग्रेनीस्थित प्रतिभा आधारभूत विद्यालय मतदान केन्द्रमा महिला १६३६, पुरुष १३७२ अल्पसंख्यक १ र खामबन्दी ३ गरी जम्मा ३०१२ मत खसेको थियो ।

३६२५ मतदाता रहेका भोर्लेस्थित विष्णुज्योति आधारभूत विद्यालय मतदान केन्द्रमा महिला १२९१ पुरुष ११८३ गरी २४६४ मत खसेको छ । दुवै केन्द्रमा ५ हजार ४८४ मत खसेको हो । जम्मा ८ हजार ५३ मतदाता रहेको हेटौंडा-१२ मा कूलमतको ६८.१२ प्रतिशत मतदान भएको हो । दुवै मतदान केन्द्रमा साँझ ५ बजेसम्म मतदान सकिएपछि मतपेटिका हेटौंडा-२ स्थित सिद्धार्थ माविमा ल्याएको थियो ।

सुरक्षाको दृष्टिले हेटौंडा-२ मा मतपेटिका ल्याएर मतगणना सुरु गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । वडाध्यक्षको चुनावीदौडमा १२ जना उम्मेदवार रहेका थिए । जसमध्ये दलबाट ९ जना र स्वतन्त्र ३ जना उम्मेदवार चुनावीमैदानमा थिए ।

प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाका अनुसार २०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरिएको थियो । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघिको निर्वाचनमा ६ हजार ४ सय ६५ मतदाता थिए ।

१२ नम्बर वडालाई शनिवार मध्यरातिबाट शिल गरेर निर्वाचन गराइएको थियो । २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट यो वडामा माओवादी केन्द्रबाट घलानले वडाअध्यक्ष जित्दा ४ जना सदस्य नेकपा एमालेबाट विजयी भएका थिए ।

यसैगरी, आइतबार ३३ जिल्लाका ४४ पदका लागि मतदान भएको थियो । उपनिर्वाचनबाट दुई जिल्ला समन्वय समिति प्रमुख, एक-एक मेयर र उपमेयर, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र ३४ वडाध्यक्ष पदका लागि निर्वाचन भएको हो । मतदानका लागि १६२ मतदानस्थल र २९३ मतदान केन्द्र कायम गरिएको थियो ।

निर्वाचनमा २ लाख २६ हजार ७९९ मतदातामध्ये पुरुष मतदाता एक लाख १४ हजार ९००, महिला मतदाता एक लाख ११ हजार ८९६ र अन्य मतदाता ३ जना रहेका थिए । कतपय निर्वाचनको नतिजा आइसकेको छ भने कतै मतगणना हुन बाँकी छ । कतिपय ठाउँमा सोमबारबाट मात्रै मतगणना गरिने भएको छ ।

# पालुङ जेसीज सप्ताह समापन, १० जनालाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रमको समापन भएको छ । नेपाल सरकारका प्रमुखसचेतक तथा मकवानपुर-२ का संसद महेशकुमार बर्तौलाको प्रमुख आतिथ्यमा समापन भएको हो ।

कार्यक्रममा प्रमुखअतिथि बर्तौलाले पालुङ जेसीजले सामाजिक नेतृत्व विकासको काममा ठूलो योदान पुऱ्याएको बताएका छन् । उनले जेसीज सबैको साझा सामाजिक 'प्लेटफार्म' भएकोले सामाजिक सशक्तीकरणको माध्यमका रुपमा अघि बढाउनुपर्ने धारणा राखे । युवाको साझा संस्था जेसीजका लागि आफू जहिल्यै सहयोग र सहकार्य गर्न तत्पर रहेको सांसद बर्तौलाको भनाई थियो ।

कार्यक्रममा जेसीज सप्ताह मूलकार्यक्रम संयोजक मानसिंह दोङले स्वागत गर्दै सप्ताहव्यापी कार्यक्रमको प्रगति विवरण सुनाए । नेपाल जेसीजका उपाध्यक्ष राजाराम गौतम, जेसज पूर्वअध्यक्ष सुरेन्द्रमान प्रधान, राजनीतिक दलका तर्फबाट नेकपा (माओवादी केन्द्र) थाहानगर सचिव लक्ष्मण विष्ट, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरुषोत्तम ढकाल, मकवानपुरगढी जेसीज अध्यक्ष विजय पुडासैनी, हेटौंडा जेसीज अध्यक्ष विकेशलाल श्रेष्ठलगायतले शुभकामना व्यक्त गरेका थिए ।

सप्ताहव्यापी कार्यक्रमका सहभागी तथा विजयीलाई प्रमुखअतिथि बर्तौला र अतिथिहरुले संयुक्तरुपमा पुरस्कार वितरण गरेका थिए । पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा थाहानगरमा रहेर विभिन्नक्षेत्रमा योगदान दिएका व्यक्तिलाई सम्मान गरिएको थियो ।

सम्मानित हुनेहरुमा स्वास्थ्यतर्फ थाहा-३ की मधुमाया तामाङ, थाहा-१ की सुनमाया गोपाली छन् । तामाङ वि.सं. २०५२ र गोपाली वि.सं. २०४६ सालदेखि निरन्तर सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवारत छन् ।

कृषितर्फ थाहा-३ गोपालीगाउँका विकेश गोपाली र थाहा-६ का तेजबहादुर उप्रेती सम्मानित भएका छन् । शिक्षातर्फ थाहा-१ का कृष्णमान श्रेष्ठ छन् । श्रेष्ठ वि.सं. २०६२ सालदेखि २०८१ मंसिर १४ गतेसम्म सेवारत थिए । उनी पालुङ जेसीज वर्ष २००७ को अध्यक्ष पनि हुन् ।

त्यसैगरी पर्यटनतर्फ थाहा-४ दामनस्थित गौरीशंकर होटलका सञ्चालक शिवकुमार खत्री र थाहा-९ चित्लाङस्थित नेपालकै पहिलो बाख्राको चिज उत्पादक अशोकसिं ठकुरी सम्मानित भएका छन् ।

खेलकुदतर्फ दक्षिण एसियन खुल्ला अन्तराष्ट्रिय कराँते प्रतियोगितामा स्वर्णपदक विजेता सुस्मिता दोङ, आशा तामाङ र प्रमिला थोकरलाई सम्मान गरिएको छ । कार्यक्रममा पालुङ जेसीजका पूर्वअध्यक्ष, सिमरा जेसीजका अध्यक्ष लक्की रिमाल, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर विष्ट, पालुङ प्राथमिक स्वासथ्य केन्द्रका डाक्टर पवन कार्की, च्वाइस नेपालका कुलप्रसाद तिवारी, थाहा स्काउट संयोजक गणेशमान श्रेष्ठ, फरकसोच संयोजक यादवजंग रायमाझी, पालुङ क्याम्पस प्रमुख राजन मिश्र, थाहा नगरपालिका-७ का वडाध्यक्ष शिवराज थिङ, तथा स्थानीय संघसंस्था र राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# जनप्रियको स्थापना दिवसमा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१६ मा रहेको जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) ले स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको छ ।

शनिबार ४९ औं स्थापना दिवसको अवसरमा विद्यालयले रक्तदान गरेको हो । कार्यक्रममा विद्यालयका शिक्षक, समितिका सदस्यहरु र स्थानीय व्यक्ति २४ जनाले रक्तदान गरेका अतिरिक्त तथा साँस्कृतिक विभाग संयोजक युक्तलाल विश्वकर्माले जानकारी दिए । विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले रक्तदान गर्दै विद्यालयको सामाजिक उत्तरदायित्व बहनका लागि यस्ता कार्य गर्नुपर्नेमा जोड दिए ।

समाजसेवी हर्क रम्तेलले आफूले २० औं पटक रक्तदान गरेको बताए । शुक्रबार सयमिटर दौड, ४ सय मिटर रिले, म्याराथन, लङजम्प, हाइजम्प जस्ता खेलकुदका साथै कविता तथा समीक्षा लेखन प्रतियोगिता सम्पन्न गरेको विद्यालयले आइतबार हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको साहित्य तथा बौद्धिक विभाग संयोजक संप्रस पौडेलले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद बस्ताकोटीको सभाध्यक्षता रहेको कार्यक्रममा हेटौंडा उपमहानगर सामाजिक विकास संयोजक तथा १६ नम्बर वडाध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड प्रमुख कृष्ण घिमिरे, जिल्ला रेडक्रसका सदस्यद्वय पिताम्बर बास्तोला र कृष्णबहादुर सापकोटा, इकाइका पदाधिकारीहरु, सामाजिक, राजनीतिक, विब्यस, शिक्षक अभिभावक संघ, सल्लाहकार, शिक्षकलगायतको उपस्थिति रहेको थियो ।

विद्यालयले साहित्य, कला तथा लेखनशील्प मात्रै नभइ कृषिमार्फत् उत्पादनमूलक कार्यक्रमका लागि कार्यशालामा जोड गरिरहेको र सोका लागि साँस्कृतिक, साहित्यिक, सामाजिक संघसंस्था र व्यक्तिसँग सहकार्य गरिरहेको प्रधानाध्यापक चौलागाईंले जानकारी दिए ।

# म्यान मकवानपुरको बम्पर उपहारमा सरिताले जितिन् स्कुटर

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरले आयोजना गरेको ग्राहक लक्षित दशैंतिहार छठपर्वको बम्पर उपहार कार्यक्रमको शनिबार नतिजा सार्वजनिक गरिएको छ ।

हेटौंडाको बुद्धचोकमा एक कार्यक्रमबीच सार्वजनिक नतिजाअनुसार यसवर्षको भाग्यशाली बम्पर पुरस्कार टिभिएस ब्राण्डको स्कुटर चितवन खुरखुरे निवासी सरिता कंडेलले हात पारेकी छन् । उपहारको नतिजा सार्वजनिक कार्यक्रमका प्रमुखअतिथि मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले कुपनको अर्धकट्टी तान्दा कंडेललाई स्कुटर परेको उपहार कार्यक्रमका संयोजक तथा म्यान मकवानपुरका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद न्यौपानेले बताए ।

दोस्रो बम्पर उपहार ४ रात ५ दिनको थाइल्याण्ड टुर प्याकेजको पुरस्कार हेटौंडाका भुवन खत्रीले जितेका छन् । यसैगरी तेस्रो बम्पर उपहार पुरस्कार ४० हजार बराबरको स्मार्ट मोवाइल सेट हेटौंडा-४ निवासी निर्जल गोलेले जीतेको संयोजक न्यौपानेले बताए । स्मार्ट मोवाइल सेट ८ जनाले जितेका छन् । अर्धकट्टी तान्दा स्मार्ट फोनका भाग्यशाली विजेताहरुमा थाहा ब्रजबाहारीका आरोही सुवेदी, हेटौंडा-१९ का भीमबहादुर बल, संगम थापा, मनहरीका रोयान प्रजा, निश्चल उप्रेती र राजेश कोइराला, भीमफेदीका बद्री खत्री र हेटौंडाका सन्च लामा रहेका छन् ।



एशोसिएसनले तीन जनालाई बम्पर पुरस्कारसँगै ११ जनालाई स्मार्ट फोन, २० जनालाई किप्याड फोन, ५० जनालाई स्मार्ट घडी, नेकव्याण्ड २ सय ५ जनालाई, स्मार्ट वाच ५० जनालाई, हेडफोन ४० जनालाई, छाता ३० जनालाई, एमआई इयरफोन ५० जनालाई, इयरवड्स १ सय ५ जनालाई, स्टाइलाइजर ५ जनालाई, वानप्लस व्याण्ड १५ जनालाई पुरस्कृत गरिएको म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईले बताए ।

उनले भाग्यशाली विजेताहरुले म्यान मकवानपुरको कार्यालयमा सर्म्पक राख्न आग्रह गरेका छन् । एशोसिएसनको आधिकारिक फेसबुक मार्फत् विजेताहरुको कुपन नम्बरका साथै नामावली प्रकाशसन गरिने बताए ।

पुरस्कार लिन आउँदा परिचय खुल्ने कागजपत्रका साथै कुपनको अर्धकट्टी ल्याउनु पर्ने बताएका छन् । उनले आगामी वर्ष पनि अझै धेरै पुरस्कार सहितका उपहार कार्यक्रम ल्याउने प्रतिवद्धता गरेका छन् । एशोसिएसनले गत असोज १ देखि मंसिर ५ गतेसम्म मोवाइल तथा मोवाइल मर्मत गर्नुका साथै एसोसेरिज खरिदमा पसलबाट ग्राहकलाई निःशुल्क कुपन उपलब्ध गराएको थियो । मकवानपुरको एशोसिएसनको सदस्य रहेको पसलबाट कुपन लिने व्यवस्था गरिएको थियो ।

संघका अध्यक्ष अग्रवालको प्रमुख आतिथ्यता तथा म्यान मकवानपुरका अध्यक्ष चौलागाईको सभाध्यक्षता भएको कार्यक्रममा मोवाइल व्यवसायी महासंघका उपाध्यक्ष रमेश घिमिरे, छतेन्द्र आचार्य, बागमती प्रदेशका अध्यक्ष एसीस रिजाल, मधेश प्रदेशका अध्यक्ष मोहन कार्की, चितवन संघका अध्यक्ष श्रीधर रेग्मी, उपहार कार्यक्रमका प्रायोजक विभिन्न कम्पनीका प्रतिनिधि, म्यान मकवानपुरका प्रेस सल्लाहकार श्रीराम अर्जुनलगायतको आतिथ्यता रहेको थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सकियो मतदान, प्रतिक्षामा नतिजा

हेटौंडा-१२ मा वडाध्यक्षका लागि भएको मतदानमा ६८ दसमलव १२ प्रतिशत मत खसेको छ । यो संख्या आफैंमा उत्साहजनक हो । ४४२८ मतदाता रहेका सिग्रेनीस्थित प्रतिभा आधारभूत विद्यालय मतदान केन्द्रमा ३०१२ मत खसेको छ । राजनीतिक दलप्रतिको नैराश्यताले मतदानमा कुनै पनि प्रभाव परेको देखिएन । ३६२५ मतदाता रहेका भोर्लेस्थित विष्णुज्योति आधारभूत विद्यालय मतदान केन्द्रमा २४६४ मत खसेको छ । दुवै केन्द्रमा ५ हजार ४८६ मत खसेको छ । जम्मा ८ हजार ५३ मतदाता रहेको हेटौंडा-१२ मा कूलमतको ६८.१२ प्रतिशत मतदान भएको छ । दुबै मतदान केन्द्रमा साँझ ५ बजेसम्म मतदान सकिएपछि मतगणनाका लागि मतपेटिका सिद्धार्थ माविमा ल्याएर राति ९ बजेपछि गणना सुरु भएको छ । सुरक्षाको दृष्टिले हेटौंडा-२ मा मतपेटिका ल्याएर मतगणना सुरु गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

विगतमा भन्दा थप जनशक्ति परिचालन गरिएकोले निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको छ । हेटौंडा-१२ मै मतगणना गरेको भएपनि खासै प्रभाव पर्नेवाला थिएन । तर, पनि सुरक्षाको मामलामा संबेदनशील बन्नु बुद्धिमानी कदम हो । प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाका अनुसार २०७९ मा भएको निर्वाचनमा १२ नम्बर वडामा ६ हजार ४ सय ६५ मतदाता थिए तर, यो दुईवर्षको समयमा थपिएका मतदाता समेत कुल ८ हजार ५३ मतदाता कायम भएका छन् । २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट वडाध्यक्षमा ललितबहादुर घलान निर्वाचित भएका थिए । यो वडामा माओवादी केन्द्रबाट घलानले वडाअध्यक्ष जित्दा ४ जना सदस्य नेकपा एमालेबाट विजयी भएका थिए । घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख बन्न गएपछि रिक्त वडाध्यक्षमा उपनिर्वाचन भएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट राजेश नगरकोटी, नेपाली कांग्रेसबाट अर्जुन तिवारी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का रविन प्रधान, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रेमबहादुर भ्लोन, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आशावीर बल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)बाट बलराम बल उम्मेदवार छन् । छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार र अर्जुन घलान स्वतन्त्र उम्मेदवार छन् ।

गत निर्वाचनमा घलानले एक हजार ३७१ मत ल्याएर विजयी भएका थिए । तिवारीले एक हजार ३४० मत ल्याउँदा एमालेका नगर कोटीले एक हजार ३२५ मत पाएका थिए । उपनिर्वाचनबाट माओवादी केन्द्रलाई गुमेको वडा फर्काउने चुनौती छ भने एमाले र कांग्रेसलाई पनि यो वडा प्रतिष्ठाको विषय बनेको छ । बिगत निर्वाचनको मतपरिणामले पनि तीन दलका उम्मेदवारको मुख्य प्रतिस्पर्धालाई पुष्टि गर्दछ । थपिएका मतदाताको मत कता जान्छ भन्ने विषय पनि महत्वपूर्ण हुने र स्वतन्त्र उमेद्वारको बर्चस्वलाई पनि कमजोर आंकलन गर्न नमिल्ने स्थानीयले बताएका छन् । यसअघि तीनजना उम्मेदवारको मत थोरै मात्रै फरक थियो । गत निर्वाचनमा लडेका तिवारी र नगरकोटी यसपटक पनि चुनावीमैदानमा छन् । तेस्रोपटक चुनावमा उठेका तिवारीले घलानसँगै ०७४ र ०७९ को निर्वाचनमा पराजय भोगेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १८ गते मंगलबार ३ डिसेम्बर २०२४ । द्वितीया, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४०, सूर्यास्त ५:०६ । विश्व अपाङ्ग दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिक कार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# अब धान रोप्दा पनि जलवायु मैत्री बनौं

✍ प्रेमराज भट्ट



पछिल्लो समय कृषि ज्यामी कम र बाली स्थापना गर्न लाग्ने खर्च पनि थोरै हुने छरुवा धान खेतीतर्फ किसानको आकर्षण बढ्दो छ । मेसिनबाट छरुवा धान खेती विधि सुरुमा जटिल लागे पनि अभ्यास गर्दै जाँदा किसानले सहजै अपनाउन सक्छन् ।

जलवायु परिवर्तनले निम्त्याइरहेका विश्वव्यापी समस्याको सामना गर्न करीब दुई राष्ट्रका विज्ञहरू भर्खरै अजरबैजानको राजधानी बाकुमा सम्पन्न भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन कोप-२९मा भेला भएका छन् । यस वर्षको सम्मेलनमा गत वर्ष कोप-२८ मा चर्चा पाएको जलवायुजन्य हानि-नोक्सानी सम्बन्धी कोषको अवधारणाड्ड आकारड्ड स्रोत तथा कार्यान्वयन लगायत अनेकौं विषयमा छलफल भयो । विशेष रूपमा 'क्लाइमेट फाइनान्स' र 'कार्बन क्रेडिट' का विषयमा छलफल भएकाले पनि कोप-२९ लाई 'फाइनान्स कोप' समेत भनिएको हो ।

नेपाल जलवायु परिवर्तनमा न्यून योगदान पुऱ्याउने अल्पविकसित मुलुकहरुको सूचीमा परे पनि जलवायु परिवर्तन जोखिममा विश्वमै शीर्ष पंक्तिमा (१०औं स्थानमा) पर्छ । यसबाट हामीले सहजै अनुमान लगाउन सक्छौंड्ड तीव्र तथा अनियन्त्रित गतिमा बढिरहेको हरित गृह ग्यास उत्सर्जन, बढ्दो पृथ्वीको तापक्रमड्ड यसले निम्त्याइरहेका जलवायु सम्बन्धी जोखिमहरु नेपालका लागि कति घातक हुनसक्दछन् । अर्को बुझ्नुपर्ने कुरा के छ भने यो विश्वसँग जोडिएको ग्लोबल विषय होड्ड न हाम्रा एकल प्रयासहरुबाट समाधान निस्कन्छ न त विश्वव्यापी जलवायु परिवर्तनका असरहरुबाट अछुतो नै बस्न सकिन्छ ।

कोप-२९ मा जलवायु परिवर्तन सम्बन्धी चुनौतीको सामना गर्न आर्थिक स्थिति कमजोर भएका र जलवायु परिवर्तनमा न्यून योगदान पुऱ्याइरहेका देशहरूले कसरी जलवायु परिवर्तनका असरहरुसँग जुझ्नेड्ड समानता र समता कायम गर्दै जलवायुजन्य हानि-नोक्सानी सम्बन्धी कोषमा वित्तीय सुनिश्चितता कायम गर्ने जस्ता विषयमा छलफल भयो । गरिब राष्ट्रहरूले प्रति वर्ष १३ खर्ब अमेरिकी डलर बराबरको रकम वार्षिक रूपमा विकसित राष्ट्रहरूबाट उपलब्ध हुनुपर्छ भन्ने माग गरे पनि सम्मेलनमा सन् २०३५ सम्म वार्षिक ३ खर्ब डलर उपलब्ध गराइने सहमति भयो ।

नयाँ सामूहिक परिमाणात्मक लक्ष्य ( न्यु कलेक्टिभ क्वाटिफाइड गोल वा एनसीक्युजी नाम दिइएको यो आर्थिक स्रोत परिचालनको लक्ष्य पेरिस सम्झौताको एक प्रमुख अवयव हो । यसले सन् २००९ मा व्यवस्थापन गर्ने भनिएको १ खर्ब अमेरिकी डलरको कोषलाई थपेर तीन खर्ब बनाइएको हो । यो कोष खडा गर्न र परि चालनमा पर्याप्त प्रश्न र बहस गर्ने ठाउँ रहे पनि हाल हामी सकारात्मक हुनुपर्छ । निकट भविष्यमा जलवायु परिवर्तनको प्रभावसँग लड्न पक्कै पनि अझै खर्बौं डलर छुट्नेछन् र कार्यविधि र प्राथमिकता अनुरुप परिचालन समेत हुनेछन् तर यस पूर्व हामीले पनि हाम्रा प्रमुख जोखिम क्षेत्र पहिचान र प्राथमिकीकरणसँगै योजनाहरु बनाउनु त्यतिकै आवश्यक छ ।

जलवायु परिवर्तनमा विभिन्न क्षेत्रको फरक-फरक योगदान हुन सक्दछ तर असर भने एकै किसिमको हुन्छ । प्राकृतिक रुपमा उत्सर्जन हुने हरित गृह ग्यास भन्दा पनि मानव क्रियाकलापले उत्सर्जन हुने ग्यासले समस्या बढेको हो । विश्वभरिमा उत्सर्जन भइरहेको हरित गृह ग्यासको मात्रा १.३% ले वृद्धि भई २०२३ मा ५७.१ गिगा टन पुगेको छ । कृषिड्ड वन तथा भूमि प्रयोगबाट ६.५ गिगाटन हरित गृह ग्यास उत्सर्जन हुन्छ जुन २०२३ को कुल उत्सर्जनको ११% हो ।

यसलाई अझै केलाउँदा ६% पशुपालनबाट र ५% धान खेती सहित अन्य भूमि प्रयोग तथा बिरुवाका अवशेष प्रज्वलनबाट हरित गृह ग्यास उत्सर्जन हुन्छ । युएनईपीको इमिसन ग्याप रिपोर्ट २०२४ का अनुसार वार्षिक रुपमा सन् २०३० सम्मको आकलनमा ३१ गिगाटन र २०३५ सम्म ४१ गिगाटन हरित गृह ग्यास उत्सर्जनमा नियन्त्रण गर्न सकिन्छ भनी उल्लेख छ ।

नेपालको कृषि क्षेत्रको हरित गृह ग्यास उत्सर्जनमा भूमिका हेर्दा सबैभन्दा बढी पशुपालनबाट (जनावरहरुको पाचन प्रक्रियाबाट ५६% र पशु मलबाट २३%), र धान खेती (१४%) भइरहेको क्लाइमेट ट्रान्सपरेन्सी नेपाल रिपोर्टले बताएको छ । धान उत्पादनले मानव क्रियाकलापले उत्सर्जन गर्ने हरितगृह ग्यासमध्ये १ देखि २ प्रतिशत हिस्सा ओगट्छ । हिल्याएर गरिने परम्परागत खेतीमा झनै बढी मिथेन ग्यास उत्पादन हुन्छ । मिथेन ग्यास कार्बन डाइअक्साइडभन्दा बढी खराब हरितगृह ग्यास हो । यसका साथै बाली भित्र्याएपछि परालका ठुटा जलाउने प्रचलनले वायुमण्डलमा कार्बन डाइअक्साइड उत्सर्जनमा समेत योगदान पुऱ्याउँदछ । पर्यावरण मैत्री कृषि प्रवर्धनबाट यसरी निस्किरहेको हानिकारक हरित गृह ग्यासहरुको उत्सर्जनमा कटौती गर्न सकिन्छ तर यसका लागि सामूहिक क्षेत्रगत पहल र ऐक्यबद्धता आवश्यक छ ।

विश्वका आधाभन्दा धेरै जनसंख्याले प्रमुख आहाराका रूपमा चामलको उपभोग गर्छन् । १ केजी चामल उत्पादन गर्न औसतमा करीब ३ हजार लिटर पानी आवश्यक पर्छ । नेपालमा दैनिक खपत गर्ने अनाजमा ६७ प्रतिशत योगदान रहेको धान नेपालको प्रमुख खाद्यान्न बाली मात्र नभएर खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने प्रबल आधार स्तम्भ समेत हो । हामीले वर्षभरि औसतमा करिब १३८ किलोग्राम चामल उपभोग गर्दछौं । नेपाललाई प्रति वर्ष लगभग ७० लाख मे.ट धान आवश्यक पर्छ जसमध्ये करीब ५५ लाख मे.ट धान स्वदेशमै उत्पादन हुन्छ भने कुल उत्पादनमा अपुग करीब १५-२० मे.ट धान हामी वर्षेनि आयात गरेरै भए पनि उपभोग गर्छौं । धान नेपालका लागि जसरी खाद्य तथा पोषण सुरक्षाका लागि महत्त्वपूर्ण छ त्यति नै यसको जलवायु परि वर्तनमा समेत महत्त्व र भूमिका छ ।

अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान (ईरी) धानमा आधारित खेती प्रणाली विकास र सुधारका निम्ति निरन्तर अनुसन्धान गर्ने एक अगुवा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता संस्था हो । द इन्टरनेशनल राइस रिसर्च इन्स्टिच्युट ईरीले सन् १९६६ देखि नै नेपाललाई धान बालीमा आधारित खाद्य प्रणाली सुधारका लागि सहयोग गर्दै आएको छ र नेपालमा विकसित तथा सिफारिस गरिएका धानका ईनब्रेड जातहरुमध्ये ७० प्रतिशतमा भन्दा बढीमा ईरीको योगदान छ । धान क्षेत्रको विकासमा ईरीको सहयात्रा निरन्तर छ । हाल नेपालमा ईरीले स्केल डेरेक्ट परियोजना मार्फत जलवयु मैत्री कृषि प्रविधि प्रवर्धन गर्दै र विस्तार कार्य गरिरहेको छ । ईरीले नेपालमा अनुसन्धान र प्रवर्धन गरिरहेको महत्वपूर्ण जलवायु मैत्री प्रविधि मध्ये एक छरुवा धान खेती पनि हो । जसबारे केही महत्त्वपूर्ण जानकारी समेट्ने प्रयास गरेको छु ।

### मेसिन विधिबाट (सिड ड्रिल) छरुवा धान खेती

छरुवा धान खेती नेपालका लागि नौलो प्रविधि नभए तापनि समय अनुरूप प्राविधिक रूपमा परिमार्जन र परिष्कृत भएर आएको मेसिन विधिबाट (सिड ड्रिल) गरिने छरुवा धान खेती प्रविधि थुप्रै किसानका लागि नयाँ विषय नै हो । परम्परागत पद्धतिबाट धान खेती गर्दा सुरुमा नर्सरी ब्याडमा तयार गर्नुपर्ने हुन्छ । २० देखि २५ दिनको स्वस्थ बिरुवा हिल्याई तयार पारेको खेतमा रोपिन्छ । ब्याड तयार पार्नका लागि किसानले जमिनलाई २-३ पटक जोतेरड्ड मलजल गरी हिल्याएर पाटा लगाएको खेतमा नर्सरी तयार पार्दछन् । यसरी तयार भएका बेर्नालाई उखेलेर फेरि ब्याड तयार गर्दा सरह हिल्याई तयार पारिएको खेतमा रोप्नुपर्ने हुन्छ ।

यस समग्र प्रक्रियामा समयड्ड जनशक्तिड्ड परिश्रम र अधिक लागत लाग्ने गर्दछ जसले परम्परागत खेती प्रणाली झन्झटिलो र बढी खर्चिलो बनेको छ । यसका साथै वैदेशिक रोजगारी र शिक्षा आर्जनका लागि युवायुवतीको बढ्दो बहिर्गमनले दक्ष तथा अदक्ष दुवै जनशक्तिको अभाव हुनथालेको छ र परम्परागत धान खेती पद्धतिप्रति किसानको आकर्षण कम हुँदै गएको छ । पछिल्लो समय कृषि ज्यामी कम र बाली स्थापना गर्न लाग्ने खर्च पनि थोरै हुने छरुवा धान खेतीतर्फ किसानको आकर्षण बढ्दो छ । यस पद्धतिमा ट्र्याक्टरबाट परिचालित सिड ड्रिल मेशिनको प्रयोग गरी निश्चित दूरी कायम गरी बीउ छर्ने गरिन्छ । छरुवा धान खेती प्रविधिमा धानको बेर्ना उमारेर रोप्नुको साटो सीधै खेतमा गहुँ छरे जस्तै बिउलाई छरेर खेती गरिन्छ । मेसिनबाट छरुवा धान खेती विधि सुरुमा जटिल लागे पनि अभ्यास गर्दै जाँदा किसानहरूले सहजै अपनाउन सक्छन् ।

केही प्राविधिक जटिलता भए पनि फाइदा बढी हुने भएकाले किसानलाई यो विधि अपनाउन सल्लाह दिइएको हो । यो प्रविधिबाट धान खेती गर्दा २५ प्रतिशतसम्म लागत घट्दछ । यस विधिमा माटो नहिल्याई बाली स्थापना गरिने हुँदा परम्परागत पद्धतिमा भन्दा कम पानी खपत हुने साथै ३० देखि ४० प्रतिशत कम कार्बन उत्सर्जन हुन्छ । यो प्रविधि महिला मैत्री तथा कम खर्चिलो हुनुका साथै कम झन्झटिलो छ । यस कारण पछिल्लो समय तराईका विभिन्न जिल्लामा किसानले छरुवा धान खेती गर्न थालेका छन् । छरुवा धान खेती दुई तरिकाले गर्न सकिन्छ- हिले र सुक्खा छरुवा धान खेती ।

### हिले छरुवा धान विधि

हिलो वा पानी जमेको जमिनमा ट्र्याक्टर प्रयोगबाट छरुवा गर्न सम्भव हुँदैन । यस्तो अवस्थामा छरुवा गर्नु परेमा हिले छरुवा धान विधि उपयोगी हुन्छ ।यस्तो अवस्थामा ब्याड राख्ने गरी हिल्याएर तयार पारिएको खेतमा सिड ड्रमको प्रयोग गरेर धान छर्न सकिन्छ । यस विधिबाट खेती गर्दा हिल्याई तयार पारेको खेतमा पानीमा भिजाएर हल्का अंकुरन गरेको बीउलाई सिड ड्रिल मेसिनको सहायताले छरिन्छ ।

ताजा तयार गरिएको खेतमा लगत्तै बीउ छरिहाल्नु भने हुँदैन किनकि ब्याडको माटो विस्तारै बस्दै जाँदा बीउ गहिराइमा पुग्छ र अंकुरन प्रभावित हुन्छ । सिंचाइ गरिएको जमिनभित्र हावाको स्थान पानीले लिने हुँदा यसलाई वेट डीएसआर अर्थात् एनएरोबिक (हावा रहित खेती विधि) भनिएको हो । यस विधिबाट बीउ छर्दा करीब ८० केजी बीउ एक हेक्टर जमिनका लागि पर्याप्त हुन्छ । त्यसका साथै बीउ छर्नुपूर्व जमिन राम्रोसँग लेबल भएको र बीउ हल्का अंकुरन भएको सुनिश्चित गर्नुपर्छ ।

### सुक्खा छरुवा धान खेती

सुक्खा माटोमा छरुवा गर्दा बीउ पनि सुक्खा नै छर्नुपर्ने हुन्छ । सुक्खा माटोमा भिजाएको बीउ छर्दा बीउको चिस्यान माटोले सोस्ने हुँदा अंकुरनमा समस्या हुन्छ । प्रि-मनसुन वर्षा भए पश्चात् वा मौसम पूर्वानुमानको जानकारी सहित यो विधि अपनाउँदा लाभदायक हुन्छ । यसरी छरिएको बीउ वर्षा वा सिंचाइ उपलब्ध भएपछि मात्र उम्रन्छ । त्यसैले सुरुको केही समय बीउ नउम्रिउन्जेल र झारनाशक विषादीको प्रभावकारी प्रयोग सुनिश्चित गर्न किसानसँग सिंचाइको पहुँच हुन जरूरी हुन्छ ।

### माटोको किसिम तथा जमिनको तयारी

परम्परागत पद्धतिबाट धान खेती गर्न सकिने बलौटेड्ड दोमट तथा चिम्ट्याइलो माटो सबैमा छरुवा पद्धतिबाट पनि धान खेती गर्न सकिन्छ तर बलौटे माटोमा सिंचाइ गरेको वा परेको पानी तुरुन्तै सुक्ने हुँदा यस्तो माटोमा छरुवा धान खेती गर्नुहुँदैन ।

चिम्ट्याइलो माटो भएको खेतमा रोटोभेटरले जोत्दा माटो बढी धुलो हुने, बढी खाँदिने र पानी लगाएपछि बढी धाँजा फाट्ने हुन्छ र बाली स्थापनामा प्रतिकूल असर पर्ने हुनाले चिम्ट्याइलो माटो भएको खेतमा पनि छरुवा धान रोप्नका लागि रोटोभेटरले जोत्न सिफारिस गरिंदैन । पानी सजिलै निकास गर्न नसकिने खेतमा छरुवा धान खेती गर्नुहुँदैन । दोमट माटो यसका लागि उत्तम मानिन्छ ।

### रोप्ने समय

प्रि-मनसुनको प्रथम वर्षा पछि वा हप्ता दश दिन अगाडि नै छरुवा धान रोप्ने उत्तम समय हो । मध्य पहाडको लागि छरुवा धान रोप्ने उत्तम समय असार १ गते आसपास हो भने पहाडको बेंसी र तराई क्षेत्रमा जेठ १० देखि १५ गते देखि जेठ अन्तिमसम्म छरुवा धान रोप्न सकिन्छ । उपयुक्त समयभन्दा ढिलो गरेर रोपाइँ गर्दा कहिलेकाहीं रोप्ने बित्तिकै लगातार भारी वर्षा हुने र वर्षाले बाली स्थापना खत्तम हुने खतरा बढी रहन्छ । चाँडो रोप्दा पटक-पटक सिंचाइ गर्नुपर्ने आवश्यकता भने हुन्छ ।

छरुवा धान खेती विधिमा ब्याड राखेर रोपाइँ गरेको धानभन्दा झन्डै १० देखि १५ दिन अगावै उत्पादन लिन सकिन्छ र यस विधिमा अगौटे जातका धानहरूले राम्रो प्रतिफल दिन्छन् । यो प्रविधिलाई एकै पटकमा किसानले विश्वास भने गर्न गाह्रो हुन सक्छ त्यसैले हामीले किसानलाई प्रथम पटक छरुवा विधिबाट धान खेती गर्दा सानो क्षेत्रफलबाट सुरु गरी अनुभव सँगै अगाडि बढ्न सुझाव दिन्छौं ।

### बीउ दर तथा दूरी

इनक्लाइन्ड प्लेट बीउ रोप्ने संयन्त्र भएको सिड ड्रिलमा २० देखि ३० किलो बीउ प्रति हेक्टर र फ्लुटेड रोलर बीउ रोप्ने संयन्त्र भएको सिड ड्रिलमा ३५ देखि ४५ किलो बीउ प्रति हेक्टरका दरले प्रयोग गर्नुपर्दछ । परम्परागत रूपमा किसानहरुले हातले छरुवा गर्दा बीउको मात्रा करिब ६० देखि ८० किलो प्रति हेक्टर लाग्न सक्छ । सिड ड्रिल मेसिनबाट धानको बीउ छर्दा लाइनदेखि लाइनको दूरी २० देखि २५ सेन्टीमिटर राखिन्छ तर यसलाई बढाएर ३५ सेन्टीमिटर कायम गरी किसानहरुले मिनी टिलरको सहायताले (रोटरी वा पुस् विडर) गोडमेल र झार व्यवस्थापन समेत गर्दछन् ।

### झार व्यवस्थापन

छरुवा धान खेतीका लागि मुख्य चुनौती भनेको झार व्यवस्थापन हो । सुरुको ४५ दिन हामीले झारको नियन्त्रण गर्न सकेमा राम्रो उत्पादन लिन सकिन्छ । यसका लागि धान छरेको ४८ घण्टाभित्र सिफारिस मात्रा र विधिबाट प्रि-इमर्जेन्स अर्थात् झार उम्रनुपूर्व प्रयोग गरिने झारनाशक विषादीको प्रयोग गरिन्छ जसले करीब दुई हप्तासम्म झारलाई नियन्त्रण गर्दछ ।

यस पश्चात् फेरि पनि उम्रेर आएका झार नियन्त्रण गर्न पोष्ट-इमर्जेन्स अर्थात् झार उम्रेपश्चात् प्रयोग गरिने झारनाशक विषादीको प्रयोग गरिन्छ । यसो गर्दा अधिकतम झारको नियन्त्रण हुन्छ भने केही झार अझै रहेमा हातैले उखेलेर वा प्राविधिकको सिफारिसमा फेरि झारनाशक विषादी छर्न सकिन्छ ।

### मेसिन छनोट

हाल छरुवा खेती प्रवर्धन गर्न विभिन्न किसिमका सिड ड्रिल मेसिनहरूको विकास भइसकेको छ । फ्लुटेड रोलर भएको मल्क्रिप प्लान्टर र इनक्लाइन्ड प्लेट भएको मल्टिक्रप प्लान्टर दुवैले बीउ र मल एकैसाथ खसाल्ने गर्छन् । ईनक्लाइन्ड प्लेट भएको मल्टिक्रप प्लान्टरले एकनासले बीउ र मल खसाल्दछ । पुरानो फ्लुटेड रोलर भएको मल्क्रिप प्लान्टरले भने बीउ समान दूरीमा खसाल्दैनड्ड बीउको मात्रा पनि बढी लाग्छ र यसले बीउ फुटाउन सक्ने जोखिम समेत हुन्छ ।

धान रोपिसकेपछि घामबाट सुक्न र अन्य शत्रुहरु जस्तै चरा, मुसा आदिबाट बचाउन बीउलाई राम्रोसँग छोप्नुपर्दछ । टाइनको पछाडि चेन वा कुनै लतार्ने वस्तु जोड्नाले बीउ राम्रोसँग पुर्न मद्दत पुग्छ ।

### उत्पादन

छरुवा र परम्परागत रोपाइँ खेती पद्धतिबाट हुने उत्पादनमा खासै फरक छैन तर नाफाको हिसाब किताब गर्ने हो भने छरुवा धान खेती पद्धतिमा तुलनात्मक रूपमा बढी लाभ सुनिश्चित गर्न सकिन्छ । यस प्रविधिले किसानको धान खेतीमा २० देखि २५ प्रतिशत लागत घट्ने अध्ययनहरुले देखाउँछ ।

### अन्य ध्यान दिनुपर्ने कुरा

- सिंचाइको सुनिश्चितता वा सिंचाइमा पहुँच अनिवार्य हुन्छ ।
- न्यूनतम विषयगत प्राविधिक ज्ञान हुनुपर्छ । झारनाशक विषादीको उपलब्धता र सिफारिस मात्रा र समयमा प्रयोग हुनुपर्छ ।
- बीउ छरेको प्रथम महिनामा बढी हेरविचार र अनुगमन आवश्यक पर्छ ।
- कम उम्रेको वा समान रूपमा नउम्रेका स्थानहरुमा धेरै बीउ उम्रेका ठाउँबाट उखेलेर हातैले रोप्नुपर्ने हुन्छ ।
- जमिन लेभल मिलेको हुनुपर्छ र बीउ रोप्ने गहिराइ १ देखि २ से.मी. भन्दा बढी हुनुहुँदैन ।
- छरुवा धान रोप्ने बेला बीउलाई युरिया मलसँग कहिल्यै मिसाउनुहुँदैन । रोप्ने वित्तिकै सिंचाइ दिन सक्ने प्रावधान नमिलाइकन प्राइमिङ्ग गरेको बीउ वा पूर्व अंकुरण भएको बीउ सुक्खा माटोमा रोप्नुहुँदैन । पूर्व अंकुरण भएको बीउ फ्लुटेड रोलर बीउ रोप्ने संयन्त्र भएको सिड ड्रिल मेसिनबाट रोप्नुहुँदैन ।
- छरुवा धान रोप्ने बीउ ढुसीनाशक विषादीबाट उपचार गर्नुपर्दछ र झारनाशक र कीटनाशक विषादीहरु प्रयोग गर्दा सधैं सुरक्षात्मक सतर्कता अपनाउनुपर्दछ ।

### निष्कर्ष

परम्परागत तरिकाले धान खेती गर्दा पानीको खपत धेरै हुन्छ । भविष्यमा हुनसक्ने जलवायु परिवर्तनका जोखिमड्ड पानी तथा कामदारको अभाव बीच धान खेती गर्न छरुवा धान खेती प्रविधिबारे अहिलेबाटै अभ्यस्त हुन जरूरी छ । यस खेती प्रविधिमा क्रमिक अनुसन्धानड्ड सुधार र अनुकूल प्रविधिको विकास गर्दै जानु अहिलेको माग हो ।

यसका साथै जलवायु परिवर्तनका असर, परिवर्तनशील वर्षाको ढाँचा र परम्परागत धान खेतीमा घट्दो नाफा जस्ता चुनौतीलाई सम्बोधन गर्न डीएसआर प्रविधि महत्त्वपूर्ण छ । छरुवा धान प्रविधि नेपालको लागि अपेक्षाकृत नयाँ प्रविधि भए पनि, प्रसार कार्यकर्ता र नीति निर्माताहरूसँग यस प्रविधिबारे सीमित ज्ञान छ ।

डीएसआर प्रविधिको प्रवर्धन गर्न स्थानको विशिष्ट परीक्षण र अनुसन्धान, किसानका खेतमा प्रशिक्षण र सचेतना वृद्धि, व्यावसायिक ढाँचा विकास र विस्तार जस्ता कार्यक्रमहरू आवश्यक छन् ।

*(साभार: अनलाइनखबर)*

# विश्नोईको नाममा धम्की दिने आरोपित युवा र प्रसाईंबीच १०० बढी कल

काठमाडौं/भारतीय गुन्डा नाइके लरेन्स विश्नोईको नाम लिएर नेपाली व्यवसायीलाई धम्क्याएको आरोपमा पक्राउ परेका व्यक्ति र विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंबीच कनेक्सन रहेको खुलेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले झापाको मेचीनगर-१३ का हरिचन्द्र फुयाँललाई बिहीबार पक्राउ गरेर काठमाडौं ल्याएको थियो । ती युवामाथि अनुसन्धान गर्दा प्रसाईंबीचको कनेक्सन खुलेको हो । सीआईबीका एक अनुसन्धान अधिकृतका अनुसार प्रसाईं र फुयाँलबीच पटक-पटक फोन संवाद हुने गरेको खुलेको छ ।

व्यवसायीहरूले धम्की आएको उल्लेख गरेको मितिमा मात्रै उनीहरूबीच १०० बढी पटक फोन सम्पर्क भएको सीआईबी स्रोतले जानकारी दियो । सीआईबीका एसपी तथा प्रवक्ता होविन्द्र बोगटीले पनि उनीहरूबीच फोन सम्पर्क भएको प्रमाणहरू फेला परेको स्वीकारे ।

'प्रसाईं र फुयाँलबीचको फोन सम्पर्क हुने गरेको प्रमाणहरू भेटिएका छन् । अब किन के उदेश्यले फोन सम्पर्क भए भन्ने विषयहरू अनुसन्धानकै क्रममा रहेका छन्,' बोगटीले संचारकर्मीसँग भने । यसअघि सीआईबीले फुयाँललाई सार्वजनिक गर्दा पनि प्रसाईंको निर्देशनमा काम गरेको बताएको थियो । 'भारतीय आपराधिक समूहको नामबाट व्यवसायीहरूलाई धम्की दिने कार्य दुर्गा प्रसाईंको निर्देशनमा गरेको देखिन्छ,' सीआईबीले उल्लेख गरेको थियो ।





उनले नेपालका विभिन्न जिल्लाहरूबाट घिउ लगेर भारतमा बेच्ने गरेको प्रहरी समक्ष बताएका छन् । भारतको पानीट्यांकी भन्ने ठाउँमा आफ्नो पसल समेत रहेको उनको भनाइ छ ।

फुयाँलले विश्नोईको नाम लिएर विवादास्पद मेडिकल व्यवसायी प्रसाईंसँग माफी माग्न भनेको समेत खुलेको छ । प्रसाईंसँग माफी नमागे ज्यान समेत जान सक्ने भन्दै उनले धम्की दिएका थिए । यहीबीचमा उनी र प्रसाईंबीच १०० बढी कल आदानप्रदान भएको भेटिएपछि प्रसाईंकै निर्देशनमा उनले काम गरेको सीआईबी स्रोत बताउँछ ।

केही समयअघि विश्नोईको नाम लिएर धम्की दिएको भन्दै सीआईबीमा चार व्यवसायीहरूले उजुरी दिएका थिए । भारत र दुबईका नम्बरबाट फोन गर्दै धम्की आएको व्यवसायीको भनाइ थियो । त्यसपछि सीआईबीले अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा झापाका विवादास्पद मेडिकल व्यवसायी प्रसाईंको नाम लिएर पनि धम्की आएको खुलेको थियो । प्रसाईंलाई सीआईबीले नै ४ मंसिरमा भक्तपुरस्थित उनको निवासबाट पक्राउ गरेको थियो । उनीमाथि अहिले साइबर ब्यूरोले विद्युतीय कारोबार ऐनको कसुरमा अनुसन्धान गरिरहेको छ । उनकै निर्देशनमा धम्की दिएको खुलेपछि साइबर ब्युरोको काम सकिएपछि सीआईबी लगेर प्रसाईंमाथि अनुसन्धान अघि बढाउने तयारी सीआईबीको छ ।

यता फुयाँलले धम्की दिन नाम लिएका विश्नोई भने अहिले भारतको सबैभन्दा ठूलो तिहाड जेलमा छन् । उनीमाथि फिरौती असुली र हत्याको आरोप छ । पहिले उनी महाराष्ट्रको सेन्ट्रल जेलमा थिए । पछि जेलभित्रबाटै गिरोह चलाएको खुलेपछि तिहाड जेलमा सारिएका थिए । उनले पटक-पटक भारतीय अभिनेता सलमान खानलाई पनि ज्यान मार्ने धम्की दिने गरेका थिए ।

**भारतमा नवीन प्रधान**

नेपालमा हरिचन्द्र फुयाँलको नामबाट चिनिएका यी युवक भारतमा भने नवीन प्रधानबाट चिनिन्थे । भारतको आसाम र पानीट्यांकीमा बसोबास गरेका ती युवकले नवीन प्रधानको नामबाट भारतीय आधार कार्ड समेत बनाएको खुलेको छ । सीआईबीले उनीबाट नवीन प्रधान नाममा जारी भएको आधारकार्ड समेत बरामद गरको छ । 'उनी नाम परिवर्तन गरेर भारतमा समेत बस्ने गरेको पाइयो । उनीबाट हामीले नवीन प्रधानको नाममा जारी भएको भारतीय आधार कार्ड समेत बरामद गरेका छौं,' सीआईबीका एसपी तथा प्रवक्ता होविन्द्र बोगटीले भने ।

धम्की दिनुका कारण उनले आफ्नो आर्थिक अवस्था समेत कमजोर रहेको र दुर्गा प्रसाईंकै निर्देशनअनुसार काम गरेको सीआईबी समक्ष स्वीकार गरेका छन् । सीआईबीले पनि उनी प्रसाईंबाटै परिचालित रहेको दाबी गरेको छ । यही नवीन प्रधानकै नामबाट भारतीय सीमकार्ड लिएर उनले व्यवसायीहरूलाई धम्क्याउने गरेको खुलेको छ । त्यसकै लागि उनले नाम समेत परिवर्तन गरेर आधार कार्ड लिएको हुनसक्ने सीआईबीको दाबी छ ।

**चेक बाउन्सका फरार अभियुक्त**

फुयाँलविरुद्ध यसअघि पनि मुद्दा चलेको भेटिएको छ । उनी पक्राउ परेसँगै सीआईबीले क्रिमिनल रेकर्ड सिस्टम (सीआरएस) जाँच गरेको थियो । सो क्रममा उनीविरुद्ध दुई वटा कसुरमा मुद्दा चलेको भेटिएको छ । सुनसरी प्रहरीले उनीविरुद्ध चेक बाउन्सको मुद्दा चलाएको थियो । उक्त केसमा उनी १ लाख ४० हजार धरौटीमा छुटेका थिए ।

उनी अर्को केसमा भने फरार अभियुक्त रहेको खुलेको छ । उनीविरुद्ध मोरङमा अर्को चेक बाउन्सको उजुरी परेको थियो । मोरङको धुलाबारी प्रहरीमा दर्ता भएको उक्त चेक बाउन्सको कसुरमा भने उनी फरार रहेको खुलेको एसप बोगटीले बताए । उनीविरुद्धको कानुनी प्रक्रिया सकिएपछि फुयाँललाई मोरङ पठाउने सीआईबीको तयारी छ ।

*(स्रोत: अनलाइनखबर)*

# दीलिप र सलोनले सकाए 'रंगी'को छायांकन, माल्टा राइट्स बिक्री

काठमाडौं/फिल्म 'लक्का जवान'पछि पुन: सहकार्य गरेका अभिनेताद्वय दीलिप रायमाझी र सलोन बस्नेतले फिल्म 'रंगी'को छायांकन सकाएका छन् । छायांकन सुरु भएको २६औं दिनमा फिल्म 'प्याकअप' भएको हो । एक महिनाको सेड्युल राखिएको भए पनि निर्धारित समयभन्दा ४ दिनअघि नै फिल्मको छायांकन पूरा भएको निर्देशक सुरेश न्यौपानेले बताए ।



शुक्रबार बनेपामा अवस्थित चण्डेश्वरी मन्दिरमा फिल्मको एक गीत खिचिएको थियो । कविराज गहतराजको कोरिग्राफीमा तयार भएको 'छ भने माया' बोलको गीतमा दीलिप र सलोनसहित फिल्मकी मुख्य अभिनेत्री नम्रता श्रेष्ठ (पूर्वमिस नेपाल) र बाल कलाकार आयुषी ढकालले नृत्य गरेका छन् । गीतमा दुर्गेश थापाको शब्द तथा संगीत छ भने आनन्द कार्की र सुजता केसीको गायन छ ।

फिल्मको छायांकन सकिएसँगै माल्टा प्रदर्शन अधिकार बिक्री भएको छ । मगवोर्ट प्रोडक्सनले फिल्मको माल्टा राइट्स खरिद गरेको हो । यसअघि मध्यपूर्व र मलेसियामा पनि फिल्मको प्रदर्शन अधिकार बिक्री भइसकेको छ । यसरी हेर्दा विदेशमा फिल्मको राम्रो माग देखिएको छ । यो निर्मातालाई ठूलो राहत हो ।

फिल्ममा उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको पनि अभिनय रहेको छ । सक्षम सुवेदीको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी छ । फिल्मको प्रदर्शन मिति भने निश्चित भएको छैन ।

# दीलिपलाई छोरीसँग फिल्म खेल्ने इच्छा

काठमाडौं/नेपाली फिल्ममा अभिनेता दीलिप रायमाझीले गर्विलो पहिचान बनाएका छन् । कुनै बेला करिअरको उत्कर्षमा रहेका उनले २ सय बढी फिल्ममा काम गरिसकेका छन् । अमेरिकामा बस्दा समेत उनले अभिनयलाई निरन्तरता दिए । पछिल्लो समय भने उनको बसाइँ नेपालमै बढी छ । यसैले अचेल उनी छायांकनमा व्यस्त देखिन्छन् । यसै साता उनले नयाँ फिल्म 'रंगी'को छायांकन सकाए ।



कलाकारितामा स्थापित अघिल्लो पुस्ताका धेरै कलाकारले आफ्ना सन्तानलाई फिल्ममा ल्याइसकेको अवस्थामा दीलिपकी छोरी दिव्या समेत अभिनेत्री बनिसकेकी छन् । 'एक्टर'बाट डेब्यु गरेकी उनले हालै दोस्रो फिल्म 'पिताम्बर'को समेत छायांकन भ्याइसकेकी छन् । डेब्यु फिल्म प्रदर्शनमा नआउँदै उनको माग राम्रो देखिएको छ ।

अब धेरैले बाबुछोरी अर्थात् दीलिप र दिव्यालाई एउटै फिल्ममा हेर्न चाहेका छन् । शुक्रबार बनेपामा 'रंगी'को गीत छायांकनको क्रममा दीलिपले छोरीसँग फिल्ममा काम गर्ने इच्छा रहेको बताए । उनले सञ्चारकर्मीहरुसँग भने, 'हामी चाँडै एउटै फिल्ममा खेल्न पाइयोस् । यो मेरो लागि निकै गर्वको कुरा पनि हुनेछ । छोरीसँग फिल्ममा काम गर्न पाएँ भने म एकदमै खुसी हुने थिएँ ।'

रोचक कुरा के छ भने 'रंगी'को गीतमा दीलिपलाई नचाएका कोरियोग्राफर कविराज गहतराजले केही दिनअघि 'पिताम्बर'को गीतमा दिव्यालाई समेत नचाएका थिए । 'रंगी'को छायांकनमा उनले बाबु र छोरीलाई नचाउँदाको अनुभव सुनाए । उनलाई नचाउन सहज भने दीलिपलाई नै भएको रहेछ । यद्यपि, दिव्याले पनि राम्रो नृत्य गरेको उनको भनाई छ ।

'भर्खरै दीलिप दाईको छोरीलाई नचाएको आएको हुँ । अहिले उहाँलाई नचाउन पाएँ,' पत्रकारले 'को राम्रो डान्सर ?' भनेर सोधेको प्रश्नमा उनले भने, 'दीलिप दाईको त भन्नै परेन । उहाँ राम्रो डान्सर भनेर सबैलाई थाहा छ । उहाँको छोरीले पनि एकदमै राम्रो नाच्नुभएको छ । उहाँको नृत्य देखेर सबैजना छक्क पर्नुहुन्छ । सजिलो चाहिँ दीलिप दाईसँग नै भयो । बाप-बाप होता है (हाँस्दै) ।'

# स्वामिकार्तिक खापर गाउँपालिका उपाध्यक्षमा एमालेकी भण्डारी विजयी

धनगढी/बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्षमा नेकपा एमालेकी सुलोचनाकुमारी भण्डारी बुढा विजयी भएकी छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी पुल्तीसरा शाहीलाई पराजित गर्दै बुढा विजयी भएकी हुन् ।

बुढाले एक हजार ७४० मत प्राप्त गरेकी छन् भने कांग्रेसकी शाहीले एक हजार ४७४ मत पाइन् । तेस्रो भएकी नेकपा एकीकृत समाजवादीकी जवा शाहीले पाँच सय ५३ मत प्राप्त गरेकी छन् ।

कुल सात हजार ४६० मतदाता रहेको स्वामीकार्तिक खापर गाउँपालिकामा आइतबार भएको उपनिर्वाचनमा तीन हजार ९०३ मत खसेको थियो ।

२०७९ सालको निर्वाचनमा विजयी कांग्रेसकी मैनादेवी जोशीको निधन भएपछि स्वामीकार्तिकमा उपनिर्वाचन भएको हो ।

# ११ महिनामा नेपाल आए १० लाख बढी पर्यटक



काठमाडौं/नेपाल घुम्न आउने पर्यटक संख्या ११ महिनामै १० लाख नाघेको छ । नेपाल पर्यटन बोर्डले आइतबार सार्वजनिक गरेको तथ्यांक अनुसार सन् २०२४ जनवरीदेखि नोभेम्बरसम्म १० लाख ५५ हजार ५ सय ३३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । पर्यटक आगमन संख्याले तेस्रो पटक १० लाख नाघेको हो ।

पर्यटक आगमनको यो संख्याले पर्यटन उद्योगमा उत्साह थपेको छ । २०२४ नोभेम्बरमा १ लाख १४ हजार ५ सय १ पर्यटक नेपाल आएको पर्यटन बोर्डले जनाएको छ । 'पछिल्लो ११ महिनाको तथ्यांकबाट पर्यटन उद्योगले केही आशा गर्ने ठाउँ देखाएको छ,' पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले भने, 'अब बिस्तारै पर्यटनले गति लिने विश्वास छ ।'


बोर्डका अनुसार नोभेम्बरमा भारतबाट १९ हजार ९ सय १५ जना आएका छन् । यो गत वर्ष सोही अवधिको तुलनामा साढे १८ प्रतिशतले कम हो । त्यसबेला २४ हजार ४ सय ४३ जना आएका थिए । प्रमुख बजार अमेरिकाबाट १० हजार ९ सय ८१ आएका छन्, तर यो पनि गत वर्ष नोभेम्बरको दाँजोमा ४.२ प्रतिशतले कम हो । बेलायतबाट ६ हजार ६ सय ११ आएका छन् । चीनबाट ९ हजार ४ सय ५८ आएका छन् । चिनियाँ गत वर्ष नोभेम्बरको तुलनामा साढे २४ प्रतिशतले बढेका हुन् ।

त्यस्तै अस्ट्रेलियाबाट ४ हजार ८ सय २९ जना आएका छन् । यो गत वर्ष सोही अवधिको दाँजोमा साढे ४ प्रतिशतले कम हो । गत नोभेम्बरमा बंगलादेशबाट ५ हजार १ सय ४८ र श्रीलंकाबाट ४ हजार ३ सय ९५ जना आएका थिए ।

बोर्डका अनुसार गत नोभेम्बरमा सार्क राष्ट्रबाट ३१ हजार १ सय ६७, अन्य एसियाली देशबाट २४ हजार ८ सय ९७, युरोपबाट २६ हजार १ सय ५५ र मध्यपूर्वबाट १ हजार ४ सय ८८ पर्यटक नेपाल आइपुगेका थिए । २०२३ नोभेम्बरमा १ लाख ८ हजार ६ सय ३० आएका थिए । २०२४ नोभेम्बरमा ५.४ प्रतिशतले बढेका छन् ।

२०२४ जनवरीमा ७९ हजार १ सय, फेब्रुअरी ९७ हजार ४ सय २६, मार्च १ लाख २८ हजार १ सय ६७, अप्रिल १ लाख ११ हजार ३ सय ७६, मे ९० हजार २ सय ११, जुन ७६ हजार ७ सय ३६, जुलाई ६४ हजार ५ सय ९९, अगस्ट ७२ हजार ७ सय १९, सेप्टेम्बर ९६ हजार ३ सय ५ र अक्टोबरमा १ लाख २४ हजार ३ सय ९३ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

# तातोपानी भन्सारमा थेगिनसक्नु चिनियाँ ईभी



लार्चा/सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिकाको लार्चास्थित तातोपानी सुक्खा बन्दरगाहमा अहिले सवा २०० हाराहारी विद्युतीय गाडी (ईभी) थुप्रिएका छन् । १० असोज २०७९ देखि पुन: सञ्चालनमा आएको तातोपानी सुक्खा बन्दरगाह मार्फत शून्य निर्यात गरे पनि अर्बौंको ईभी आयात भइरहेको छ ।

विराटनगरको ट्रान्स सिल्क टर्मिनल कम्पनी मार्फत सञ्चालन भइरहेको उक्त बन्दरगाहमा चिनियाँ ईभी थुप्रिएका छन् । आयात गरेर कम्पनीहरूले भन्सार जाँचपास गरेर गाडी शोरुममा नल्याउँदा केही गाडीमा माकुराको जालो लागेको अवस्था छ । गाडी पार्किङ गरिएका ठाउँमा घाँस उम्रिएको छ ।

'आयात गर्ने कम्पनीहरूले भन्सार पास गरेर नलैजाँदा अहिले बन्दरगाहमा सयौंको संख्यामा ईभी थुप्रिन पुगेका छन्', ट्रान्स सिल्कका तातोपानी भन्सार प्रमुख अनिरुद्र थापा भन्छन् ।

'हाम्रो काम कम्पनीहरूले ल्याएका गाडी भन्सार कार्यालय मार्फत भन्सार जाँचपास गरेर पठाइदिने हो । कम्पनीहरूले आयात भएको गाडी किन लैजाँदैनन् हामीलाई थाहा हुँदैन । तर, त्यस्तो गाडी धेरै छन्, दिनकै लैजाने ल्याउने भइरहेको हुन्छ' थापा भन्छन्, 'केही गाडी लामो समयसम्म पनि आयात गरेर पार्किङमा राख्दा बिग्रिने डर हुन्छ ।'

भन्सार कार्यालय तातोपानीका अनुसार पछिल्लो समय ईभीको आयात ह्वात्तै बढ्दा यहाँको पार्किङले बन्दरगाह भरिएको छ । 'यहाँको भन्सार कार्यालय वर्षामा चल्दैन, यसपालि त झन् धेरै समय बाढी र पहिरोले चलेन । अहिले ह्वात्तै ईभी आएका छन्', थापा भन्छन् ।

भन्सार कार्यालयको तथ्यांक अनुसार चालु आव कात्तिक मसान्तसम्म १५ अर्ब ८३ करोड ७९ लाख ७ हजार रुपैयाँ बराबर आयात तातोपानी भन्सारबाट भइसकेको छ । जसमध्ये ८० प्रतिशतभन्दा बढी चिनियाँ ईभी छ । निर्यात रकम भने शून्य छ ।

भन्सार कार्यालय प्रमुख कमलदेव भट्टराईका अनुसार तातोपानी सुक्खा बन्दरगाहमा २ण्ण बढी कन्टेनर र २ण्ण साना गाडी अट्ने क्षमता छ ।

**भन्सारमा थुप्रिएको होइन : नाडा**

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका वरिष्ठ उपाध्यक्ष आकाश गोल्छा पछिल्लो समय चिनियाँ ईभी नेपाल भित्रिने संख्या धेरै भएकाले केही भन्सारमा रहेको बताउँछन् ।

'दशैंतिहारका बेला अर्डर गरेका गाडी बीचमा बाढी पहिराले आउन सकेको थिएन, अहिले धमाधम आइरहेको छ । तर, भन्सारमा आएर थन्केको भन्न मिल्दैन, भन्सार पास गरेर ल्याउन समस्या छैन । धमाधम गाडी आइरहेको छ', गोल्छा भन्छन् ।

उनले ह्वात्तै अर्डर आएका कारण नेपाल भित्र्याउँदा धेरै गाडी बन्दरगाहमा देखिनु स्वाभाविक भए पनि धमाधम भन्सार छुटाएर ल्याइरहेको जानकारी दिए ।

**निजी क्षेत्रले व्यवस्थापन गरेकाले सहज : इन्टरमोडल**

देशभरि सुक्खा बन्दरगाह व्यवस्थापन जिम्मा नेपाल इन्टर मोडल यातायात विकास समितिलाई छ । समितिले लार्चास्थित तातोपानी बन्दरगाह निजी क्षेत्रलाई दिंदा व्यवस्थित भएको समितिका कार्यकारी निर्देशक आशिष गजुरेल बताउँछन् ।

'आजको अवस्थामा सरकारी व्यवस्थापन थियो भने अहिले थेग्न सक्ने अवस्था छैन । यहाँ ईभीको चाङ छ, कपडा, मल लगायत धेरै सामान अटाएका छन् । निजी क्षेत्रले राम्रो व्यवस्थापन गरेकै कारण राम्रो भएको हो,' गजुरेल भन्छन् । उनले नेपाली उत्पादन चीनमा लैजान नसक्दा निर्यात शून्य रहेको बताए ।

ट्रान्स सिल्कले १० असोज २०७९ देखि पाँच वर्षका लागि ११ करोड ७० लाख रुपैयाँमा तातोपानी भन्सार बन्दरगाह व्यवस्थापन जिम्मा पाएको थियो ।

'सुरुमा हामीले ५ करोड न्यूनतम अंक राखेर ठेक्का खोलेका थियौं तर सिल्कले बढीमा लियो, अहिलेको अवस्था हेर्दा राजस्व धेरै उठ्ने देखिएको छ । यसलाई पुन: मूल्यांकन गर्नुपर्ने देखिन्छ,' गजुरेल भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'पुष्पा २'ले ३ सय करोडको ओपनिङ गर्ने प्रक्षेपण

काठमाडौं/भारतमा यस वर्षको ठूलो रिलिज मानिएको अभिनेता अल्लू अर्जुन अभिनीत साउथ फिल्म 'पुष्पा २ : द रूल'ले अबको चार दिनमा बक्स अफिसमा आफ्नो राज सुरु गर्दैछ । 'स्योर सट' ब्लकबस्टर मानिएको फिल्मको क्रेजलाई मध्यनजर गर्दै शनिबारबाट भारतमा हिन्दी र अन्य भाषामा एड्भान्स बुकिङ खुला भइसकेको छ । र, २४ घण्टामै ठूलो मात्रामा टिकट बिक्री भएको छ ।

भारतीय पोर्टल विजनेश टूडेका अनुसार बुकिङ खुलेको १० घन्टामा मात्र भारतका तीन ठूला मल्टीप्लेक्स चेन पीभीआर, आईनक्स र सिनेपोलिसबाट ५४ हजार टिकट बिकेको छ । यो हिन्दी भाषाको मात्र हो । अन्य भाषाको समेत गरेर २४ घण्टामा फिल्मको साढे २ लाख टिकट बिक्री भएको जनाइएको छ । रिलिजको अघिल्लो दिनसम्म ५ लाखभन्दा बढी टिकट बिक्री हुनसक्ने देखिन्छ ।

टिकट बिक्रीको ट्रेन्ड हेर्दा भारतमा फिल्मले २ सय करोड माथिको ओपनिङ गर्ने निश्चित छ । विश्वव्यापी भारु तीन सय करोडसम्म पुग्न सक्छ । 'पुष्पा २'ले अग्रिम बुकिङ र कलेक्सनमा 'बाहुबली २' र केजीएफ २'को रेकर्ड समेत तोड्ने अनुमान छ । 'बाहुबली २'ले अग्रिम बुकिङबाट पहिलो दिन सय करोड र 'केजीएफ २'ले ८० करोड कमाएको थियो ।

विजनेश टूडेका अनुसार भारतको दक्षिणी राज्यका सिंगल थिएटरमा 'पुष्पा २'को टिकट अभाव भइसकेको छ । त्यस्तै, आन्ध्र प्रदेश र तेलंगाना क्षेत्रमा फिल्मको अत्याधिक माग हुँदा टिकटको मूल्यमा वृद्धि गरिएको छ । यी क्षेत्रमा प्रदर्शनको पहिलो चार दिनका लागि टिकट मूल्य भारु ६ सयसम्म पुगेको छ भने मुम्बई क्षेत्रमा प्रिमियम टिकटको मूल्य भारु ३ हजारसम्म छ ।



यही बिहीबारबाट प्रदर्शनमा आउन लागेको फिल्ममा अल्लू अर्जुनसहित फहाद फासिल, रश्मिका मन्दाना, सुनिल बर्मा, धनन्जय, जगपति बाबू लगायतको अभिनय छ । सुकुमारको निर्देशन तथा लेखन रहेको फिल्म भारु ५ सय करोडमा बनेको हो । तीन सय करोड पारिश्रमिक त अल्लू अर्जुनले मात्र बुझेका छन् । हिन्दी, तमिल, मलयालम, कन्नड र बंगाली भाषामा फिल्म रिलिज हुनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



हेटौंडा उमहानगरपालिकाको १२ नम्बर वडामा स्थानीय तह उपनिर्वाचनअन्तर्गत् आइतबार मतदान कार्यमा देखिएको उत्साह । गत ३० वैशाख २०७९ मा भएको स्थानीय तह निर्वाचनको अढाई वर्षपछि १२ नम्बर वडामा फेरि उपनिर्वाचन भएको हो । यसअघिका वडाध्यक्ष ललितबहादुर घलानले राजीनामा दिएर जिल्ला समन्वय समितिको प्रमुख बन्न पुगेपछि रिक्त पदमा उपनिर्वाचन भएको हो । मतदानमा सहभागी हुन आउनेहरुमा उत्साह देखिएको थियो । मतदानमा १०२ वर्षका वृद्ध, अपाङ्गता भएका व्यक्तिसम्म सहभागी रहेका थिए । १२ नम्बर वडाको प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा चारवटा बुथमा मतदान भएको हो । उपनिर्वाचनका लागि यस वडामा ८ हजार ५३ जना मतदाता कायम भएका थिए । करिब २० दिनसम्म यस वडामा निर्वाचनको रौनक छाएको थियो । *तस्बिर: प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# कांग्रेस नेतृ 'डीना'को यो दोस्ती

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ नेपाली राजनीतिमा १५ वर्षदेखि मित्रवत् सम्बन्धमा गाँसिएका छन् ४ राजनीतिज्ञ, उनीहरु आफूहरुलाई 'फ्रेन्ड्स फरएभर' भन्न रुचाउँछन् ।

चारजनाको दोस्तीको केन्द्रमा छिन, मकवानपुरको कांग्रेस नेतृ अर्थात नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना । डीनाको दोस्ती नेकपा एमालेकी स्थायी समिति सदस्य विन्दा पाण्डे, पहिलो संविधानसभा सदस्य सुनिलबाबु पन्त (अहिले उनको कुनै पार्टी छैन) र माओवादीबाट राष्ट्रिय सभा सदस्य रेणु चन्दसँग विगत १५ वर्षदेखि एउटै लयमा चलिरहेको छ । लय, अर्थात यी चार राजनीतिकर्मी बीचको घनिष्ठ मित्रता ।



उनीहरुले देशको संविधान, कानुन र नीति निर्माणको छलफल क्रममा आफ्नो दोस्ती फेला पारेका हुन् । यी चारैजनाको भेट पहिलो संविधानसभामा भएको थियो । 'फरक-फरक दलमा भएर पनि कसरी तपाईंहरु १५ वर्षदेखि साथी हुनुभयो ?' केही समयअघि एउटा क्याफेमा गफिँदै गरेका उनीहरुलाई प्रश्न गरिएको थियो । डीनाले जवाफ फर्काइहालिन्, 'फरक भए पनि हाम्रो बीचमा दल कहिल्यै आएन ।' त्यसैमा सही थाप्दै अरुले पनि भने, 'हो, हाम्रो त्यस्तो छैन ।

सुनिलबाबुले अगाडि थपे, 'फेरि हामी ल आजदेखि साथी बनम् है भनेर बनेको पनि होइन । संविधानसभाका सुरुआती छलफलमा हाम्रा कुरा मिले । अनि चियाखान सँगै जान थाल्यौं । मानवअधिकार तथा निर्देशक समितिमै हाम्रो दोस्ती झाँगिएको हो' विन्दाले भनिन्, 'हामी देश-विदेशका भ्रमणमा पनि सँगै जान पायौं नि त । हामीले त्यतिबेला एकअर्कालाई साँच्चै नै चिन्न पायौं ।'

यी चारैजना संविधान सभाको मानवअधिकार तथा निर्देशक सिद्धान्त समितिका सदस्य थिए । विन्दा सभापति थिइन् । त्यही समितिमा बसेर उनीहरुले नागरिकका मौलिक हकदेखि राज्यका निर्देशक सिद्धान्त के-के हुने भनेर छलफल गरे । छलफलकै क्रममा उनीहरुका मूल्य-मान्यता र बिचार मिलेर दोस्ती गहिरियो । रेणुले भनिन्, 'सुनिललाई मैले पहिलोपटक संविधानसभामै देख्या हो । सबैसँग हाँसेर बोलिरहेको देख्थें । कस्तो सबैसँग मिल्नसकेको होला ? भनेर चकित पर्थें ।'

विन्दा बोलिन्, 'मैले त उहाँलाई निलहीरा समाजको मान्छे भनेर चिन्थें । समलिंगी पुरुष हुन् भन्ने थाहा थियो । संविधानसभामा आउँदा पनि सबैसँग हात मिलाउँदै 'म सुनिलबाबु पन्त, समलिंगी पुरुष' भनेर निर्धक्क परिचय दिँदै हिँड्थे ।' विन्दाले यसो भन्दैगर्दा अलिअलि सुनिलबाबुकै हाउभाउ नक्कल गरेर भनिन्, 'यो मान्छे त धकै नमानी गज्जबले चिनाउँदै हिँडेको छ बा, मलाई त्यो दृश्य अहिले पनि राम्ररी सम्झना छ ।'

त्यसपछि पालो आयो डीनाबारे कुरा गर्ने । 'हामी डीनाजीलाई पद्मकन्या क्याम्पसकी 'गुन्डी नेता' भनेर चिन्थ्यौं,' विन्दाले भनिन् । उनको कुरा सकिएकै थिएन, बीचैमा टेबलमा हाँसो फैलियो । डीना पद्मकन्या क्याम्पसमा विद्यार्थी युनियनको राजनीति गर्थिन् । त्यहाँ उनी युनियन सभापतिसमेत भएकी थिइन् । 'हाम्रो भेट चाहिँ २०५८ सालमा महिला आयोगको काम गर्ने बेला भएको थियो,' विन्दाले अगाडि भनिन्, 'जब आयोगमा सँगै काम गर्‍यौं, उहाँलाई मैले नजिकबाट चिनें । लौ यो मान्छे त्यस्तो गुन्डीजस्तो छैन त भन्ने लाग्यो । उहाँलाई त्यतिखेर मैले भनेकी पनि थिएँ- सबैले पिकेकी गुन्डी भन्थे, खै गुन्डीजस्तो पारा छैन त ।

विन्दाले महिला आयोग स्थापनापछि आफूहरु देशका विभिन्न ठाउँमा सँगै गएर महिलाको अवस्था बुझेको सुनाइन् । त्यसरी जाँदा महिलाको सामाजिक, आर्थिक, शैक्षिकलगायत विभिन्न पक्षमा के-के काम गर्नुपर्ने रहेछ भनेर थाहा पाएको उनको भनाइ छ । 'आयोगका सुरुआती दिनमा हामीले मिलेर काम गर्‍यौं । हाम्रा कुरा त त्यही बेलादेखि मिलेका थिए हगी ?' डीनाले सोधिन् ।

रेणुले भनिन्, 'डीना दिदीलाई कसरी गुन्डी भने होलान् भनेर अचम्म लाग्छ । उहाँ निकै माया गर्ने । युद्धबाट संसद छिरेका हामीलाई सहरिया रहनसहन थाहा थिएन । उहाँले जिन्स प्यान्ट लगाउँदा कस्तो कमिज लगाउने र अरु प्यान्टसँग कस्तो लगाउनेजस्ता कुरा पनि सिकाउनुभयो ।' विन्दालाई भने उनको लगाउने तरिका देखेरै 'माओवादी कमरेड' भन्ने लागेको रहेछ, उनले भनिन्, 'उहाँ सधैं सर्ट-प्यान्ट लगाउने । मैले त हाम्रै पार्टीकी सांसद रहिछन् भन्ने सोचेकी थिएँ ।' युद्धबाट संसद छिरेका माओवादी सांसदहरुको त्यतिबेला एउटै ड्रेसकोड थियो–सर्ट, प्यान्ट र कोट ।

पहिलो संविधानसभामा निकट रहेर काम गर्दा झ्यांगिएको दोस्ती संविधानसभा भंग भएपछि पनि टुटेन । उनीहरु त्यसपछि बाहिर भेटघाट गर्न थाले । कहिले बालुवाटारको चियापसलमा त कहिले बानेश्वरको रेस्टुरेन्टमा भेटेर नेपाली समाज र राजनीतिबारे गफिन थाले । आ-आफ्ना पार्टीलाई कसरी समावेशी बनाउने भन्ने चिन्ता र आइडिया सेयर गरे। दोस्रो संविधानसभा र त्यसपछिका चुनावमा पनि कांग्रेसभित्रका लैंगिक अल्पसंख्यकलाई संसदमा टिकट दिलाउन डीनाले कुरा उठाएको सुनिल सम्झिन्छन् ।

दोस्रो संविधानसभा चुनावमा तीनजना संसदबाहिर परे । डीना मात्र सदस्य बनेर गइन् । यसपालि पनि नागरिकताको मुद्दा पेचिलो बन्यो । यो मुद्दामा डीनाले भित्र बसेर काम गरिन् । सुनिल, विन्दा र रेणुले बाहिरबाट दवाब दिए । डीनाको घर हेटौंडा उपमहानगरपालिका-२ मा छ । उनी मकवानपुरको २ र १ नम्बर प्रतिनिधिसभा क्षेत्रबाट चुनाव उठिसकेकी छन् । जिल्लाबाट उनले प्रत्यक्ष निर्वाचन जित्न सकेकी छैनन् । गत मंसिर २०७९ मा भएको निर्वाचनमा पनि उनी पराजित भइन् ।

# बिजुलीमाया वन पुरस्कार नीर शाहलाई प्रदान गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ वरिष्ठ कलाकार, गीतकार नीर शाहलाई यस वर्षको 'विजुलीमाया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार' प्रदान गरिने भएको छ । भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले आईतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर पुरस्कारको घोषणा गरेको हो ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले १ लाख राशिको पुरस्कार कलाकार शाहलाई प्रदान गर्ने निर्णय भएको जानकारी गराए । हेटौंडाका व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी ममतामयी माताको सम्मानमा २०६४ सालदेखि पुरस्कार रकम प्रायोजन गर्दै आएका छन् । मूलत: चलचित्र निर्माण, निर्देशन एवम् अभिनयमा समर्पित शाहले २०३२ सालदेखि निरन्तर नेपाली गीतलेखनमा पुर्‍याएको योगदानको उच्चकदर गर्दै पुरस्कृत गर्न लागिएको प्रतिष्ठानले जानकारी दिएको छ ।

आगामी माघ १५ गते हेटौंडामा एक समारोहबीच कलाकार शाहलाई पुरस्कार समर्पण गरिने बताइएको छ । २०६४ सालमा अम्बर गुरुङलाई पुरस्कृत गरेर सुरु भएको 'विजुली माया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार' बाट हालसम्म प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुच्छेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान र राजेन्द्र थापा पुरस्कृत भइसकेका छन् । हेटौंडामा केन्द्रीय कार्यालय रहनेगरी स्थापना भएको प्रतिष्ठानले अन्य पुरस्कारहरु पनि प्रदान गर्दै आएको छ ।

तुलसीमाया-शिवकुमारी सिर्जनशील नारी पुरस्कार (संस्थापक मुक्तिगोविन्द वैद्य, २०६०), भीम-मथुरा बालप्रतिभा पुरस्कार (संस्थापक विन्दुगोपाल गोर्खाली, २०६०), कमला-भवानी संगीत पुरस्कार (संस्थापक घनश्याम शंकर शर्मा, २०६५), शीला नारी संगीत पुरस्कार (संस्थापक आशीष श्रेष्ठ, २०६५), हर्षनर बज्राचार्य स्मृति स्वर्ण पुरस्कार (संस्थापक ज्योतिरत्न बज्राचार्य, २०६६), विजय बानियाँ स्मृति लोकसंगीत पुरस्कार (संस्थापक चुनु बानियाँ, २०७०), चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार (संस्थापक रामबहादुर पाख्रिन, २०७१) रहेका छन् ।

त्यस्तै मंगलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य सेवा पुरस्कार (संस्थापक देवप्रसाद श्रेष्ठ/दीपकप्रसाद श्रेष्ठ, २०७३), अजित सेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार (संस्थापक रोशन सेन गुप्ता, २०७४), भीम विराग राष्ट्रिय संगीत पुरस्कार (प्रतिष्ठान, २०७७), भीम विराग राष्ट्रिय साहित्य पुरस्कार (प्रतिष्ठान, २०८०), भीम विराग राष्ट्रिय कला पुरस्कार (प्रतिष्ठान, २०८०), भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार (प्रतिष्ठान, २०८१) आदि रहेका छन् ।

# हेटौंडा मेन डोजोले जित्यो मेयर कप करातेको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा भएको प्रथम जिल्लास्तरीय मेयर कप खुल्ला कराते प्रतियोगिताको उपाधी हेटौंडा मेन डोजोले जित्न सफल भएको छ ।

मंसिर १४ र मा भएको प्रतियोगितामा हेटौंडा मेन डोजोले ९ स्वर्ण जित्दै टिम प्रथम बन्न सफल भएको हो । यसैगरी ६ स्वर्ण जित्न सफल भएको किड्स डोजो टिम दोस्रो हुन सफल भएको छ । प्रतियोगितामा प्रथम र दोस्रो भएको टिमलाई शिल्ड प्रदान गरिएको थियो भने तौल समूहमा प्रथम, दोस्रो र तृतीय भएकालाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

नेपाल सितोरियो कराते संघ जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष दीपकबहादुर लामाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलले पुरस्कार वितरण गरेका थिए । प्रतियोगितामा उत्कृष्ट खेलाडी घोषित भएका मेन डोजोका कपिल डिम्डुङ र श्रेया श्रेष्ठलाई नगदसहित पुरस्कृत गरिएको थियो । यसैगरी मेन डोजोका सुष्मा चौलागाई र किड्स डोजोका क्रिपेश स्याङ्तान उदीयमान खेलाडी घोषित भए ।

हेटौंडामा भएको प्रतियोगिताका तौल समूहअन्तर्गत पुरुषतर्फ २५, ३०, ३५, ४२, ४७, ५२, ५७, ६२, ६७ केजी र महिलातर्फ २५, ३०, ३५, ४०, ४५, ५०, ५५ र ६० केजी तौल समूहमा प्रतिस्पर्धा भएको थियो । कार्यक्रममा बागमती प्रदेश खेलकुद विकास परिषदका सदस्य संगीत श्रेष्ठ, मकवानपुर जिल्ला खेलकुद विकास समितिका निर्वतमान अध्यक्ष वेष खड्गीलगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडाका १०२ वर्षीय वृद्धले गरे मतदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ स्थानीय तह उपनिर्वाचनअन्तर्गत हेटौंडा उपमहानगरपालिका-१२ का एक सय दुई वर्षका गोविन्द लामिछानेले मतदान गरेका छन् । आइतबार वडाध्यक्ष पदका लागि भएको उपनिर्वाचनमा उनले मतदान गरेका हुन् ।

उनले वडाको भोर्लेस्थित विष्णुज्योति आधारभूत विद्यालयको मतदान केन्द्रबाट मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ । बिहान ७ बजेदेखि सुरु भएको मतदानमा मतदाताको उत्साहजनक उपस्थिति देखिएको थियो । निर्वाचन कार्यालयले यो वडामा दुईवटा मतदानस्थलको व्यवस्था गरेको थियो ।

# 'ब्लाइण्ड क्रिकेट विश्वकप' खेल्ने बागमतीका खेलाडीलाई नगद पुरस्कार घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बागमती प्रदेश खेलकुद विकास परिषद् हेटौंडाले पाकिस्तानमा जारी ब्लाइण्ड क्रिकेट टी२० विश्वकप खेलिरहेको नेपाली राष्ट्रिय टिममा रहेका बागमती प्रदेशका खेलाडीलाई नगद पुरस्कार घोषणा गरेको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले विश्वकपमा उच्चप्रदर्शन गर्ने बागमती प्रदेशका चार खेलाडीलाई जनही २० हजार नगदबाट सम्मान गर्ने जानकारी दिए । ब्लाइण्ड टिममा बागमती प्रदेशबाट सागर लामा, प्रवीन स्याङ्तान, अमिस गुरागाईं र सन्त पहारी विश्वकपमा सहभागी छन् । चौथोपटक ब्लाइन्ड क्रिकेट विश्वकप खेलेको नेपाली टोलीले पहिलोपटक सेमिफाइनल पुग्दै इतिहास रचेको थियो ।

६ टोली सहभागी विश्वकपमा नेपाल चौथो स्थानमा रहँदै सेमिफाइनल पुग्न सफल भएको थियो । 'दृष्टिविहीनले पनि खेलमा राम्रो प्रदर्शन गर्न सक्छन् भने उहाँहरुले प्रमाणित गर्नुभएको छ । त्यसमा हामीले सानो सहयोगस्वरुप सम्मान गर्न लागेका हौं', बागमती प्रदेश खेलकुद विकास परिषदका सदस्य सचिव लामाले भने । लिगचरणमा नेपालले अफगानिस्तान र दक्षिण अफ्रिकालाई पराजित गरेको थियो । श्रीलंका, बंगलादेश र पाकिस्तानसँग भने नेपाल पराजित भएको थियो । आइतबार विहान भएको सेमिफाइनलमा पनि पाकिस्तानसँग पराजित भयो ।

# सडकका आधा दर्जन ठेक्का लिएर काम अलपत्र पार्ने ठेकेदारलाई विभागको चेतावनी



काठमाडौं, १६ मंसिर/ सडकका आधा दर्जन ठेक्का अन्तर्गतका काम अलपत्र पार्ने निर्माण व्यवसायीलाई सडक विभाग, सडक डिभिजन सुर्खेतले कालोसूचीमा राख्ने चेतावनी दिएको छ ।

डिभिजन कार्यालयले निर्माण तथा मर्मत कार्यका लागि खरिद सम्झौता गरी तोकिएको समयभित्र निर्माण सम्पन्न गर्न पटक-पटक मौखिक तथा लिखित पत्राचार गरी ताकेता गर्दा समेत बेवास्ता गरेको भन्दै विभिन्न ६ वटा ठेक्का लिएका निर्माण व्यवसायीलाई ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनी दिएको हो ।

कार्यालयले गत बिहिबार ७ दिनको समय दिएर सम्झौता अनुसार काम सम्पन्न हुन नसक्ने कारणबारे स्पष्टीकरण दिन भनेको छ । चित्तबुझ्दो कारण भए लिखित स्पष्टीकरण, कार्य सम्पन्न गर्ने विश्वसनीय आधार र प्रतिबद्धता सहित संशोधित कार्यतालिका र आवश्यकता अनुसार अवधि थप गरिएको कार्य सम्पादन जमानत र बीमा संलग्न गरी पेस गर्न समेत भनिएको छ ।

त्यसरी तोकिएको समयभित्र स्पष्टीकरण नआए विभागले ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनी दिएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## वायु प्रदुषणबाट जोगिऔं

**वायु प्रदुषणले:**

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुर्‍याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

**त्यसैले:**

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं.
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।
- वायु प्रदुषणको असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना